संजय थापा

मई दिवस कसरी मनाइदै छ ?

(मई दिवसको संक्षिप्त इतिहास)

मइ दिवस कसरी मनाइ दैछ ?

(मइ दिवसको संक्षिप्त इतिहास)

संजय थापा

इन्फर्मल सेक्टर रिसर्च सेन्टर
काठमाण्डौ

इन्फर्मल सेक्टर रिसर्च सेन्टरको प्रकाशन नं– २

संजय थापाको–

मइ दिवसको इतिहास संबन्धी पुस्तिका

प्रति – ५०००

– जुलाई २५, १९९०

आवरण– विष्णु रिमाल (GEFONT)

मूल्य – रू. ३।–

मुद्रक – शोभाभगवती प्रिन्टिङ्ग प्रेस

ढल्को, छेत्रपाटी, काठमाडौं ।

Digitized By: Bimal Chandra Sharma

प्रकाशकको भनाइ

प्रजातान्त्रिक अधिकार प्राप्तिको आन्दोलनको आँधीले, झलक्क हेर्दा धेरै कुरा बढार कुंडार पारे जस्तो देखिए पनि मजदुर तथा श्रमजीवी जनताको हितमा आधारभूत रूपमा कुनै उल्लेखनीय उपलब्धि हात लागको छैन । ०४६ सालको चैत्र २६ गते राती त बहुदलीय पञ्चायती व्यवस्था मात्रै आएको थियो । त्यो बहुदललाई अपर्याप्त ठानेर २७ गते विहानदेखि जनताकै पहलमा चलेको नयाँ स्तरको आन्दोलनले पञ्चायती व्यवस्थालाई विविध कोणबाट खारेज गर्ने काममा चरणबद्ध सफलता पाइराखेको भए पनि अहिलेसम्म निरंकुशताको मूल आधारको रूपमा रहेको पञ्चायती संविधानलाई खारेज गर्न बाँकी नै छ । त्यसलाई खारेज गराउन जनताले, आफ्नै आन्दोलनले सत्तासीन गराएको मंत्रीमण्डलसंग कुस्ती खेलिरहनु परेको छ ।

अहिले पनि मजदुरहरूको दुरावस्थाको चर्चा गर्नु आफैंमा अनौठो लाग्ने कुरा हुन सक्छ । तर यथार्थता के हो भने उनीहरूको हितमा यो सरकारले एउटा पनि उल्लेखनीय काम गरेको छैन । पञ्चायती सत्ताको दलाली नगरेको अपराधमा अन्यायपूर्वक निष्काशित मजदुरको पुनर्वहालीको लागि समेत मजदुरले अनसन बस्नु परेको

छ । उनीहरूले न्यूनतम वेतन प्राप्त गर्न समेत संघर्षकै बाटो अपनाउनु परेको छ । हो, मजदुरहरूले खुला वातावरणमा मइ दिवस मनाउन पाएका हुन्–तर उनीहरूले अहिले पनि आफ्ना आर्थिक र राजनीतिक मांगहरू पुरा गराउन संघर्षकै बाटो अपनाउन बाध्य हुनु परेको छ ।

यस्तो स्थितिमा, मजदुर अधिकारको प्रतिक, मजदुर वर्गको गौरव गाथा र त्याग तथा बलिदानको गौरवशाली इतिहास बोक्ने ऐतिहासिक परंपराहरू सुनाएर नेपाली मजदुरहरूलाई आफ्नो इज्जत र अधिकार प्राप्तिको संघर्षमा निरन्तर लागिरहन प्रेरित गरिरहनु प्रत्येक सचेत व्यक्ति वा संस्थाको काम हो । आफ्नो यही दायित्वलाई महसुस गरेर साहित्यकार संजय थापाद्वारा केहि पहिले तयार पारिएको मइ दिवसको इतिहास झल्काउने प्रस्तुत पुस्तिकालाई पाठकहरू समक्ष, खास गरेर मजदुर पाठकहरू समक्ष पुऱ्याउने जमर्को हामीले गरेका छौं ।

यस पुस्तिकालाई पाठकहरूसम्म पुऱ्याउने काममा सहयोग पुऱ्याउने सबै मित्रहरू प्रति हामी हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

इन्फर्मल सेक्टर रिसर्च सेन्टर

१५ जुलाई, १९९० काठमाण्डौ ।

संसार भरिका मजदुरहरूले गत वर्ष मइ दिवसको सयौं वर्षको समारोह (मइ दिवस शतवार्षिकी समारोह) मनाए। नेपालका मजदुरहरूले पनि मइ दिवस शतवार्षिकी समारोह मनाए र ३० वर्षदेखि आफ्नो कांधमा जबरजस्ती लादिएको निरंकुश तानाशाही व्यवस्थाको जुवालाई झिकेर फ्याँक्ने काममा महत्वपूर्ण भूमिका निभाए। वर्ष भरी मनाइने त्यो समारोहका सबै कार्यक्रमलाई व्यवस्थित रूपले संचालन गर्न मजदुरहरूले एउटा मइ दिवस शतबार्षिकी समारोह समितिको गठन पनि गरेका थिए। सबै खाले राजनीतिक सांगठनिक गतिविधिहरू प्रतिबन्धित रहेको नेपाल जस्तो सानो र पछौटे मुलुकका मजदुर एवं सर्व साधारण जनतालाई समेत प्रभावित पार्ने यो मइ दिवस भनेको के हो? आउनोस् हामी यसको छोटो जानकारी बटुल्ने प्रयत्न गरौं।

१) मइ दिवस मनाउने परंपरा कसरी शुरू भयो?

सन् १८४८ अर्थात् आजभन्दा १५२ वर्ष अघि कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले कम्युनिस्ट पार्टीको घोषणा–पत्र तयार पार्नु भयो। यो ऐतिहासिक दस्तावेजले विश्वको मजदुर आन्दोलनलाई सही दिशामा अघि बढाउन सबै भन्दा महत्वपूर्ण सहयोग गरेको छ। यो दस्तावेज भनेको मजदुरहरूको आँखा खोल्ने दस्तावेज हो। यो दस्तावेज पढ्नु र त्यसबाट शिक्षा ग्रहण गर्नु सबै मजदुरहरूको एउटा महत्वपूर्ण काम हो।

यो दस्तावेजले नै सबभन्दा पहिलो पटक **संसार भरका मजदुरहरू – एक होउ** भन्ने नारा अघि सार्‍यो। यो नारा आज विश्व भरि नै मजदुर समुदायको एकताको नारा भएको छ। यहि नारालाई आधार मानेर घोषणा पत्र प्रकाशित भएको १६ वर्षपछि सन् १८६४ को सेप्टेम्बर महिनामा श्रमिकहरूको अन्तर्राष्ट्रिय संगठन निर्माण गरियो। यसलाई पहिलो अन्तरराष्ट्रिय (First International) भन्ने गरिन्छ। यो संगठनमा खास गरेर यूरोपेली मजदुरका राजनैतिक संगठनहरू संगठित थिए। यसको नेता कार्ल मार्क्स हुनु हुन्थ्यो। यो संगठनले यूरोपेली मजदुरहरूका राजनैतिक संगठनहरूलाई सही दिशा प्रदान गर्ने, संसार भरका मजदुरहरूको न्याय प्राप्तिको संघर्षमा सहयोग पुऱ्याउने, मजदुर हड्तालहरूमा सहयोग गर्ने र मजदुरवर्गको राजनैतिक चेतना उकास्ने काममा महत्वपूर्ण भूमिका निभाएको थियो।

कम्युनिस्ट पार्टीको घोषणा–पत्र प्रकाशित भएपछि देखि नै मजदुरवर्गले आफू माथि भैरहेको अन्याय अत्याचारका विरूद्ध एकजूट हुंदै सुझबुझ राखेर संघर्ष गर्न थालेको थियो। १८४८ भन्दा अगाडि पनि मेशिन तोडफोड गर्ने, माग पत्र पेश गर्ने जस्ता आन्दोलन भएका थिए। तर १८४८ पछि भने अधिकार र सम्मानसंग संबन्धित माग सहितका राजनीतिक आन्दोलनहरू उठ्न थालेका थिए। १८६४ मा गठन भएको पहिलो

अन्तर्राष्ट्रियले मजदुर आन्दोलनका राजनीतिक–आर्थिक माँगहरू अझ प्रष्ट रूपमा अगाडि ल्यायो । एक देशको मजदुर आन्दोलन अरू अरू देशमा प्रचारित भयो । फलस्वरूप विभिन्न देशका मजदुर आन्दोलनले बाहिरी मुलुकका मजदुरहरू तथा उत्पीडित जनसमुदायबाट सहयोग पाउन थाले ।

१८६० को दशक भरि नै यूरोपमा ठूला ठूला मजदुर आन्दोलनहरू भए । १८७१ को मार्च २३ तारिखमा भएको फ्रान्सका मजदुरहरूको ठूलो संघर्षले फ्रान्सको राजधानी पेरिसमा पूँजीपति वर्गको सत्ता पल्टाइ दियो । त्यहाँ मजदुरवर्गको राज कायम भयो । त्यो राजलाई नै इतिहासमा पेरिस कम्युन भनिन्छ । त्यो कम्युन ७१ दिनसम्म रह्यो । अर्थात् ७१ दिनसम्म फ्रान्समा सर्वहारावर्गको सत्ता कायम रह्यो । फ्रान्स र अन्य मुलुकको पूँजीपतिवर्ग यसरी मजदुरहरूको सत्ता स्थापित भएको देखेर साह्रै क्रुद्ध भयो । फ्रान्स वरिपरिका पूँजीवादी मुलुकले आपसी सल्लाह मिलाएर एकै चोटी मजदुरवर्गको फ्रान्स माथी आक्रमण गरे । त्यो ठूलो सैनिक शक्तिका विरूद्ध मजदुरहरू टिक्न सकेनन् । लडाइमा पेरिस कम्यूनको हार भयो । हजारौं मजदुरहरू मारिए । आफूलाई सभ्य भन्ने पूँजीवादी शासकहरूले कम्यून अन्तरगत बस्ने हजारौं निर्दोष जनतालाई निर्ममतापूर्वक मारे । त्यसै क्रममा जेलमा हालिएका, निर्वासित गरिएका र निर्वासित हुन बाध्य पारिएका नागरिकहरूको

संख्या पनि हजारौंको रह्यो । त्यस्ता हजारौं हजारै जनताको रगतको आहालमा डूबेको पूँजीपतिवर्ग नै अहिले प्रजातन्त्रको हो–हल्ला मचाउँदै पश्चिम यूरोपेली मुलुकहरूमा शासन गरिरहेको छ ।

१८७१ मा हजारौं शहिदहरूको बलिदान सहित पेरिस कम्यून असफल भए पनि मजदुर वर्गको संघर्ष मरेन । त्यस कम्यून कालका सही र गलत कुराहरूको मूल्यांकन गर्दै मजदुरहरू फेरि संघर्षमा उत्रिए । १८७० पछि यूरोपको मजदुर संघर्ष एशियाको केही भाग र विशेष गरेर अमेरिकी मुलुकमा फैलियो । संघर्षका मांग र समस्याहरूमा पनि पहिले भन्दा बढी विविधता देखा पऱ्यो । यूरोपका मजदुर पार्टीहरूको मात्र प्रतिनिधित्व रहेको र मार्क्सका सही विचारका विरुद्ध थुप्रै गलत बिचार बोक्ने मानिसहरू समेत रहेको पहिलो अन्तरराष्ट्रियले अब बढेको दायित्वलाई पुरा गर्न नसक्ने देखियो । त्यसैले सन् १८७२ मा त्यसलाई विघटन गरियो । पहिलो अन्तर्राष्ट्रियको विघटनपछि पनि देश देशका मजदुर-वर्गका पार्टीहरू र मजदुर संगठनहरूले आफ्नो कामलाई अघि बढाउँदै गए । अमेरिका, क्यानडा लगायत यूरोपका सबै जसो मुलुकमा मजदुरहरूका साना तिना संघर्षहरू भै नै रहे ।

सन् १८८३ मा कार्ल मार्क्सको निधन भयो । कार्ल मार्क्सको निधनपछि, वहाँले सह्याली आउनु भएको दायित्व वहाँका सहयोद्धा फ्रेडरिक एंगेल्सको कांधमा

आयो। वहाँले लामो समयमम्म व्यक्तिगत रूपमै विभिन्न मुलुकका मजदुर संघर्षसंग सम्पर्क राखेर तिनलाई दिशा निर्देशन गर्ने काम गरिरहनु भयो।

सन् १८८८ मा विभिन्न देशमा कार्यरत मजदुर आन्दोलनका नेताहरूले फेरि एक पटक अर्को अन्तर्राष्ट्रिय श्रमिक संघ निर्माण गर्नुपर्ने वस्तुगत स्थिति उत्पन्न भएको महशुस गरे। १८८९ को फरवरी महिनामा मजदुर पार्टी र संगठनका नेताहरूले हेंग शहरमा एउटा सम्मेलनको आयोजना गरे। उक्त सम्मेलनले विश्वमा पहिलो पटक मजदुरवर्गले आफ्नो सत्ता स्थापना गरेको पेरिस शहरमा १४ जुलाई १८८९ का दिनदेखि दोस्रो अन्तरराष्ट्रियको महाधिवेशन आयोजना गर्ने निर्णय गऱ्यो।

सम्मेलनको निर्णय मुताबिक १८८९ को जुलाई १३ का दिन फ्रेडरिक एंगेल्स, विल्हेल्म लिब्तनेख, अगस्ट वेबेल, एल्यीनोरा एवेलिङ्ग मार्क्स (महिला), क्लारा जेटकिन (महिला), जुलेस गेस्दे, एडवार्ड भ्यालेट, ज्योर्जी लेखानोभ र पाल लफार्ग जस्ता मजदुर आन्दोलनका नेता र मजदुर संगठनका प्रतिनिधिहरू अन्तर्राष्ट्रिय श्रमिक संघ गठन गर्न पेरिसमा भेला भए। यो महाधिवेशनले मजदुर आन्दोलनको विकासमा टेवा पुऱ्याउने निर्णय गऱ्यो। यसले विश्व भरका मजदुरहरूको ऐक्यबद्धता जनाउने एउटा दिन तोक्ने र उक्त दिनमा संसार भरका मजदुरहरूलाई उनीहरूको आफ्नो अधिकार र सम्मान प्राप्तिको संघर्षमा लागिरहने अठोट

गर्दै जुलुसहरू प्रदर्शन गराउने निर्णय गऱ्यो । मजदुर वर्गको लागि महान, पवित्र र प्यारो दिन हुने भएकोले त्यस्तो दिन एउटा महत्वपूर्ण दिन हुनु पर्छ भन्ने राय सबै प्रतिनिधिले व्यक्त गरे । यही रायलाई सम्मान गर्दै २० जुलाईका दिन महाधिवेसनले १ मइको दिनलाई त्यस्तो पर्वको रूपमा मनाउने र पहिलो मइ दिवस, १ मइ १८९० का दिन मनाउने निर्णय गऱ्यो ।

२) मइ १ तारिख कसरी त्यस्तो दिनको रूपमा छानियो ?

पूँजीपति वर्गले मजदुरहरूको रगतले धरती रंगाएको एउटा घटना– पेरिस कम्यूनको बारेमा माथि नै चर्चा गरिसकिएको छ । पूंजीवादी उत्पीडनको इतिहासमा यस्ता नृशंस हत्याकाण्डहरू एक पटक होइन, अनेकौं पटक भएका छन् । सन् १८१२ को अप्रिल महिनामा वेलायती सरकारले मच्चाएको हत्याकाण्ड, १८३१ मा फ्रान्सेली सरकारले मच्चाएको हत्याकाण्ड, १८४४ मा जर्मनी सरकारले मच्चाएको सिलेसियाली हत्याकाण्ड, १८४८ मा फ्रान्स र जर्मनीमा भएका हत्याकाण्डहरू, १८७७ र १८८० को अमेरिकी मजदुरहरूको नरसंहार इतिहासमा अङ्कित त्यस्ता केही चर्चित हत्याकाण्डहरू हुन् ।

१८८६ मइ ३ र ४ तारिखमा अमेरिकाको शिकागोमा भएको नरसंहार पनि त्यस्तै घटना हो ।

त्यतिबेला पूंजीपति वर्ग र उसका पुलिसहरूले हजारौं मजदुरहरू उपस्थित भएको आमसभामा अन्धाधुन्ध गोली बर्षाएर दर्जनौं मजदुरहरूको हत्या गरेका थिए ।

दोस्रो अन्तरराष्ट्रियको महाधिवेशनमा त्यस्तो महत्वपूर्ण दिन निर्धारण गर्ने बारेमा निकै लामो छलफल चल्यो । त्यसै छलफलको क्रममा मइ १ बाट शुरू भएको आन्दोलन, उक्त आन्दोलनको क्रममा ३ र ४ तारिखका दिनमा भएको मजदुरहरूको नरसंहार र त्यस संघर्षको शिलशिलामा पूंजीवादी सरकारद्वारा नृशंसतापूर्वक हत्या गरिएका ५ जना आन्दोलनका नेताहरूको स्मृतिलाई अमर तुल्याउन अमेरिकी मजदुर संघले सन् १८८८ को डिसेम्वर महिनामा मइ १ तारिख १८९० मा विशाल प्रदर्शन गर्ने निर्णय गरेको कुरा पनि अगाडि आयो । अन्तमा महाधिवेशनले सोहि दिनलाई मजदुर एकता दिवसको रूपमा मनाउने निर्णय गऱ्यो ।

३) मइ एकमा के भएको थियो ?

सन् १८०० लागेदेखि नै अमेरिकामा अभूतपूर्व रूपमा औद्योगिक विकास हुन थालेको थियो । सन् १८३० मा त्यहाँ रेलको बाटो खुल्यो । १८६० मा त्यहाँ १४ लाख औद्योगिक मजदुर थिए । खेति मजदुरको संख्या ८ लाख थियो । १८७० मा तेल उद्योगको स्थापना भयो । लगत्तै तेल क्षेत्रका मजदुरको संख्या १ लाख ७० हजार भयो ।

।८७० देखि नै अमेरिकामा लहर जसरी मजदुर आन्दोलनहरू उठ्न थाले। मजदुरहरू कामको घण्टा निश्चित होस् र तलव पनि बढाइयोस् भन्ने माँगहरू लिएर संघर्षमा उत्रिन थाले।

१८८१ मा अमेरिकामा "क्यानाडा र संयुक्त राज्यका संगठित ट्रेड र मजदुर यूनियनको संघ" नामक एउटा महासंघ बन्यो। यही महासंघले १८८४ को चौथो अधिवेशनमा औपचारिक रूपमा १ मइ १८८६ देखि ८ घण्टे कार्य दिवस हुनुपर्ने घोषणा गऱ्यो। यो महा-संघमा सामेल सबै मजदुर सङ्घहरूले १८८४ को अक्टो-बरदेखि नै १८८७ मइ १ तारिखको ८ घण्टे कार्य दिनको सङ्घर्षको लागि आफ्नो तयारी शुरू गरे। त्यस्तो तयारीमा लाग्ने प्रमुख सङ्गठनहरूमा 'केन्द्रीय मजदुर यूनियन', 'आठ घण्टे समिति', 'मजदुर सङ्घ', 'बहादुर मजदुरहरू' र 'समाजवादी श्रमिक पार्टी'को नाम विशेष उल्लेखनीय छ।

८ घण्टे कार्य दिवस प्राप्तिको संघर्षको पहिलो चरण १८८५ बाट शुरू भयो। महासङ्घले यस विषयमा कारखाना प्रशासनसंग वार्ता सञ्चालन गर्ने निर्णय गऱ्यो। महासङ्घले विभिन्न औद्योगिक क्षेत्रहरूमा यस सम्बन्धी काम पनि थाल्यो। तर सबै जसो कारखाना प्रशासनले महासङ्घको प्रयत्नलाई लत्याइ दिए। शान्तिपूर्ण वार्ता-को बाटो थुनिए पछि महासङ्घले मइ एक १८८६ को

सङ्घर्षलाई व्यापक र तीव्र बनाउने दिशामा ठोस प्रयत्न शुरू गऱ्यो ।

शिकागो शहर त्यतिवेलाको अमेरिकाको सबै भन्दा ठूलो औद्योगिक शहर थियो । त्यो शहर सक्रय, जुझारू र सशक्त मजदुर आन्दोलनका परम्पराको लागि पनि अमेरिका भरि प्रख्यात थियो । त्यसैले मइ दिवसको प्रदर्शनको लागि पनि सबभन्दा दह्रिलो प्रयत्न त्यहींबाट शुरू भयो ।

मजदुरहरूको तयारी संगसंगै पूँजीपति र तिनीहरूको निर्वाचित (कथित प्रजातान्त्रिक) सरकारले पनि आफ्नो तयारी लाई तीव्र बनायो । सैनिक र पुलिसलाई विशेष प्रशिक्षण दिइयो तिनीहरूलाई १८८६ को शुरूदेखि नै कुनै पनि बेला आदेश पालन गर्न तयार रहन निर्देशन दिइयो । मजदुर आन्दोलनमा तोडफोड मच्चाउन, स्थानीय व्यापारी, उद्योगपति, गुण्डा र लफङ्गाहरूलाई विधिवत रूपमा सङ्गठित गरि प्रशिक्षण दिन थालियो । स्वतन्त्रता र प्रजातन्त्रको प्रतिक मानिने अमेरिकी कांग्रेस र अमेरिकी राष्ट्रपतिले यी सबै कृयाकलापमा कुनै अप्रजातान्त्रिक कुरा देखेनन् ।

पश्चिमका स्वतन्त्र र निष्पक्ष मानिने पत्रिकाहरूले मजदुरका विरूद्ध विष बमन गर्न थाले । मजदुर नेताहरू माथि झुट्टा लान्छना र आरोपहरू लाउँदै पत्रिकाहरूले सम्पादकीय समेत लेखे । मजदुरको हित र आठ घण्टे

कार्य दिवस भनेको अव्यवस्था हो र यस्तो अव्यवस्थालाई निर्ममतापूर्वक निमोठ्नु पर्छ भन्ने राय तिनले लाजै नमानी व्यक्त गरे। तिनीहरूले प्रमुख समाचारमा लेखे "प्रदर्शनलाई बन्दूकको गोली–तिनका नेतालाई फाँसीको डोरी।"

१ मइ १८८६ को दिन आइपुग्यो। शिकागो शहरका गल्ली गल्लीमा सैनिकहरू तैनाथ गरिए। गुण्डाहरूलाई पनि त्यसरी नै तैनाथ गरियो। यसरी प्रदर्शनी शुरू नहुंदै पूँजीपति वर्गको सरकारले आतङ्कपूर्ण वातावरण सृजना गर्ने प्रयत्न गऱ्यो।

तर मजदुरहरू आतिएनन्। करिब डेढ वर्षदेखि तयार गरिएको मइ १ दिवसको प्रदर्शनीको लागि मजदुरहरू एक एक गर्दै प्रदर्शनी स्थलमा भेला हुन थाले। 'आठ घण्टाको कार्य दिवस' को नारा सहित मानिसहरूको समूह सडकमा ओइरियो। विश्वको इतिहासमा पहिलो पल्ट मजदुरको संख्या बन्दुकधारीहरूको संख्या भन्दा चिताइ नसक्नु गरी धेरै भयो। सैनिकहरूले गोली चलाउने आँट गरेनन्। गुण्डाहरूले प्रदर्शनी बिथोल्ने साहस गरेनन्। आठ घण्टे कार्य दिवसको यो प्रदर्शनीमा अमेरिकाका प्रत्येक औद्योगिक शहरका मजदुरहरूले हिस्सा लिए। सबै शहरमा गरेर ५ लाख भन्दा बढी मानिसहरूले मइ १ को प्रदर्शनीमा भाग लिए।

दोस्रो दिनको प्रदर्शनी झनै विशाल भयो। १७।१८ घण्टासम्म निर्दयतापूर्वक काममा सताइएका मजदुरहरूको लागि आठ घण्टे कार्य दिवस एउटा साझा र अनिवार्य माँग थियो। त्यसै हुनाले दोश्रो दिनको प्रदर्शनीमा सहभागी मजदुरहरूको संख्या १० लाख भन्दा बढी भयो।

आफ्ना मागहरूप्रति प्रतिवद्ध मजदुरहरूको संघर्षले अमेरिकाको प्रजातान्त्रिक सरकारलाई क्रुद्ध तुल्यायो। मइ १ तारिखको रात उनीहरूले एउटा गुप्त योजना वनाए। त्यसबेला आन्दोलनको केन्द्र बनेको शिकागो शहरमा मजदुरहरूलाई नदबाउने हो भने पूँजी-पतिहरूले तत्कालै आठ घण्टे कार्य दिवसलाई स्वीकृत गर्नुपर्ने छ भन्ने सोचेर उनीहरूले मइ तीन तारिखको दिन दिउँसो चिताइ नसक्नुको नरसंहार मच्चाउने निर्णय गरे।

३ तारिखका दिन, पूँजीपति वर्गले प्रदर्शनीमा भाग लिने हरेक माथि गोली बर्षाउनु भन्ने आदेश दियो। सबभन्दा शुरूमा म्याकर्मिक कारखानामा पुलिसले गोलीको वाढी बर्षायो। ४ जना मजदुरहरू ठहरै भए र पचासौं घाइते भए' यो पहिलो घटनापछि त गोली काण्ड आम नै भयो। मजदुरको शक्ति अलिकति कमजोर भएका सबै जसो स्थानहरूमा पुलिसको गोलीले मजदुरहरू मारिए या घाइते भए।

तर यो हत्या काण्डले मजदुरहरूलाई तर्साउन

सकेन । आठ घण्टाको कार्य दिनलाई आफ्नो अधिकार ठान्ने मजदुरहरू हत्याकाण्डको विरोधमा सभा गर्न हेमार्केट स्क्वायरमा भेला भए । सभास्थल पुलिसहरूद्वारा घेरिएको थियो । वातावरण उत्तेजनापूर्ण थियो । मजदुर आन्दोलनका नेताहरू पार्सन, स्पाइस र फिल्डेरले मजदुर-लाई उत्तेजित नहुन, तोडफोडमा नलाग्न र आफ्ना माँग प्राप्तिको लागि संघर्षमा लागि रहन आह्वान गरे । त्यतिबेला सभास्थलमै उपस्थित भएको शिकागोको मेयरले पछि के स्वीकार गऱ्यो भने त्यहाँ भएका कुनै पनि भाषण र सभाका गतिविधिहरू कानून विरोधी थिएनन् ।

साँझ पर्ने बेलामा, सभा टुङ्गिनै आँटिको बेला अकस्मात १८० जना सशस्त्र प्रहरीहरू स्क्वायर भित्र पसे । पुलिस कप्तानले सभालाई तितरवितर हुन आदेश दियो । त्यसै बेला पूँजीपतिहरूले तोडफोडको लागि तयार पारेका गुण्डा मध्यको एउटाले पुलिसहरू माथि बम प्रहार गऱ्यो । पुलिसले निहुँ पाई हाल्यो । त्यसले अन्धाधुन्ध गोली चलाउन थाल्यो । फलस्वरूप १० जना मजदुरहरू घटनास्थल मै मारिए र ४०० भन्दा बढी घाइते भए ।

यो नरसंहारले सङ्घर्षलाई असफलता तिर धकेली दियो । भोलि पल्टदेखि नै व्यापक गिरफ्तारी शुरू भयो । सरकारले ८ जना मजदुर नेताहरूलाई आन्दोलनका

सञ्चालकहरू ठहर गऱ्यो । ती ८ मध्ये ७ जना नेताहरू बम पड्केको बेला हेमार्केट स्क्वायरमा छंदै थिएनन् । दुइ जना त अझ शिकागोका मेयर संगै गएका थिए । तर ती आठै जनालाई बमकाण्डका दोषी बनाइयो र सात जनालाई फांसीको सजाय र एक जनालाई १५ वर्षको कारावासको सजाय सुनाइयो ।

यो सजायले विश्व भरकै सर्वहारा, समाजवादी र जनवादी समुदायलाई प्रभावित पाऱ्यो । अन्यायपूर्वक सजाय सुनाइएका बन्दीहरूको रिहाईको लागि एउटा अन्तरराष्ट्रिय अभियान शुरू भयो । तर उनीहरू आफ्नो प्रयत्नमा पूर्णरूपले सफल हुन सकेनन् । फिल्डेन र स्वाब नामका दुइ मजदुर नेताको सजायलाई आजीवन कारावासमा बदलियो । एक मजदुर नेता लिङ्ग जेलमै मरे । बाँकी पार्सन, स्पाइस, फिसर र एंगेललाई ११ नोभेम्बर १८८७ मा शिकागो जेलमा झुण्ड्याएर मारियो ।

ती मजदुर नेताको हत्याको खबर बिजुली जसरी संसार भरि फैलियो । मजदुर वर्ग र जनवादी शक्तिहरू त्यो नृशंस हत्याको विरोधमा उठे । हत्याको विरूद्धमा अमेरिका र युरोपमा ठूल ठूला प्रदर्शनहरू भए । आठ घण्टे कार्य दिवस आन्दोलनलाई जारी राख्न र त्यति बेलासम्मको सर्वाधिक ठूलो र प्रभावशाली आन्दोलनको स्मृतिलाई जीवित राख्न दोश्रो अन्तरराष्ट्रिथले १ मइलाई अन्तरराष्ट्रियकीरण गरेपछि त्यसले अमेरिकी पूँजी-

वादी शासकहरूमा झन ठूलो दवाव सृष्टि गऱ्यो । यो निर्णयले अमेरिकी सर्वहारा वर्गलाई आफ्नो संघर्ष जारी राख्न थप प्रेरणा दियो ।१८९०. पछि पनि आन्दोलन जारी रह्यो । जतनाको आन्दोलनले क्रमशः आफ्नो शक्ति सञ्चय गर्दै गयो । त्यसै क्रममा जुन २५, १८९३ मा शिकागोमा हेमार्केटका शहिदहरू नामको एउटा स्मारक खडा गरियो । त्यसको भोली पल्ट राज्यको गभर्नरले तथ्यहरूले झुकाएको कारणले मइ आन्दोलनका नेताहरू माथि लगाइएको मुद्दा, झुठा भएको कुरा स्वीकार गरे र १८८६ को मइ महीनामा सरकार आफैंले न्यायको हत्या गरेको घोषणा गरे । उनले मजदुर आन्दोलनमा संवद्ध सबैलाई दिइएका सम्पूर्ण सजाय रद्द भएको घोषणा गरे ।

आठ घण्टा काम, आठ घण्टा मनोरंजन र आठ घण्टा आराम भन्ने लोकप्रिय नारा शुरू गर्ने मइ १ को विराट प्रदर्शनको घटना यसरी समाप्त भए पनि त्यसले निर्णय गरेको इतिहासले आठ घण्टे कार्य दिवसको नियम लागू गरी छाड्यो । सबभन्दा पहिले अमेरिकाका ५० हजार मजदुरले ८ घण्टे कार्य दिवसको अधिकार प्राप्त गरे । त्यसपछि क्रमशः अन्य मुलुकमा पनि कामको घण्टा छोटिदै गयो ।

४) महाधिवेशनको निर्णय पछिको पहिलो मइ दिवसः–

१८८९ को महाधिवेशनको निर्णयले विश्वव्यापी

असर उत्पन्न गर्नेछ भन्ने कुरा प्रति सर्वहारा वर्ग विश्वस्त थियो। पूँजीपतिवर्ग पनि १ मइ १८९० मा ठूलै घटना घट्नेछ भनेर तर्सिएको थियो। पहिलो मइ दिवसको तयारीमा सर्वहारावर्ग सकृयतापूर्वक खटेको थियो भने पूँजीपति वर्ग पनि चुप लागेर बसेको थिएन। मजदुर वर्गको तयारीको मूल्यांकन गर्दै सबभन्दा पहिले जर्मनीका पूँजीवादीहरूले घोषणा गरे– 'अनुमति विना १ मइका दिन काम छोड्ने मजदुरलाई निष्कासित गरिने छ।' तिनीहरूले कारखाना मालिकलाई त्यो दिनको हड्तालालाई असरहिन पार्न ३ हप्ताको लागि कारखानाहरू बन्द गर्ने निर्देशन पनि दिए। सरकारले प्रमुख शहरहरूमा सेना तैनाथ गऱ्यो। फ्रान्सको सरकारले पेरिस कम्युन दोहोरिन आँट्यो भन्दै मइ दिवसको प्रदर्शनलाई दमन गर्न ३०,००० अतिरिक्त फौज राजधानी पेरिसमा तैनाथ गऱ्यो। प्रान्तीय सदरमुकाममा उक्त प्रदर्शन गर्ने नदिन सरकारले एउटा बिज्ञप्ती नै निकाल्यो। खास गरेर यूरोपका सबै जसो पूँजीवादी सरकारहरूले मइ दिवसका विरूद्ध खुलेआम युद्ध घोषणा गरे।

प्रशासनिक आतङ्कले मजदुरहरूलाई पछाडि हटाउन सकेन। फ्रान्सका सबै प्रमुख शहरहरूमा मजदुरहरूले प्रदर्शन गरे। सबै प्रदर्शनीमा गरेर जम्मा १० लाख मजदुरहरूले भाग लिएका थिए। जर्मनीको होस्ट शहर-

मा पुलिसले मजदुरहरूको जुलुस माथी गोली प्रहार गरेर दर्जनौको हत्या गरेको भए पनि मजदुरहरूले मइ दिवसको जुलुस निकाली छाडे। वेल्जियम, अष्ट्रिया, इटली, स्पेन, स्वीट्जरल्याण्ड, स्कण्डनेवियाली मुलुकहरू, रोमानिया र अमेरिकामा ठूला–ठूला प्रदर्शनहरू आयोजित गरिए। यति मात्र होइन त्यति बेला पछौटे मुलुकमा गनिने रुस, मेक्सिको, क्युवा र अर्जेण्टिनामा पनि मइ दिवस समारोहहरू सम्पन्न भए। क्युवाको पहिलो मइ दिवस समारोहमा २० हजार मानिसहरूको उपस्थिति थियो।

बेलायतमा भने मइ १ तारिखमा कुनै कार्यक्रम राखिएको थिएन। त्यस दिनको उपलक्ष्यमा ४ मइका दिन आइतवार पारेर हाइड पार्कमा एउटा आमसभा राख्ने आयोजकहरूले निर्णय गरेका थिए। तर ३० अप्रिलको दिन मजदुर संगठनको राष्ट्रिय सङ्घले सानो ठूलो जस्तो भए पनि अन्तरराष्ट्रिय ऐक्यबद्धता जनाउन मइ १ तारिखका दिन जुलुस प्रदर्शन गर्ने पर्छ भन्ने निर्णय निकाल्यो। यसले बेलायतको पहिलो मइ दिवस कार्यक्रमलाई आफ्नै खालको विशिष्टता प्रदान गऱ्यो। १ मइका दिन हाइड पार्कमा २००० मानिसहरू भेला भए। तिनीहरूले राष्ट्रिय सङ्घको निर्णयको समर्थन गरे र ४ मइको प्रनर्शनलाई सफल पार्न आह्वान गरे। ४ मइको प्रदर्शन भने सोचे भन्दा धेरै विशाल रह्यो र त्यसमा ५ लाख मजदुरहरूले भाग लिए।

प्रतिक्रियाबादी सरकारका आतङ्क, गिरफ्तारी, दमन, हत्या र कुप्रचारका बावजुद पहिलो मइ दिवस सफलतापूर्वक सम्पन्न भयो। यसको सफलताको मूल्यांकन गर्दै फ्रेडरिक एंगेल्सले भन्नु भयो– "विश्वव्यापी चरित्र ग्रहण गरेको यो मइ दिवस समारोह विशिष्ट घटना बनेको होइन यसका साथ साथै यो जुझारू सर्वहारा वर्गको पहिलो अन्तरराष्ट्रिय प्रदर्शन पनि हुन पुग्यो। यसले धुप्रै मुलुकहरूमा मजदुरहरूको अग्रगतिलाई प्रेरणा प्रदान गर्नै छ।"

५) त्यस पछिका मइ दिवसहरू:–

विभिन्न मुलुकमा पहिलो मइ दिवस कार्यक्रम सफलतापूर्वक सम्पन्न भएपछि यसले झन राम्ररी अन्तरराष्ट्रिय आकार ग्रहण गर्दै गयो। १८९१ को दोस्रो मइ दिवसको प्रदर्शनीमा बेल्जियममा १ लाख २५ हजार मजदुरले भाग लिए। अष्ट्रिया र हंगेरीमा पनि त्यति नै मजदुरले भाग लिए। फ्रान्सको फुर्मी शहरमा शान्तिपूर्ण प्रदर्शनीमा भाग लिएका मजदुर माथि सरकारले गोली चलायो। १० जना मजदुरहरू मारिए।

बेलायत र जर्मनीका मजदुरहरूले मइ महिनाको पहिलो आइतबारमा जुलुस प्रदर्शन गर्ने चलन चलाए। आइतवार बिदा हुने चलन भएका ती मुलुकमा धेरै मानिस जम्मा गर्न नै आइतबार प्रदर्शन गर्ने चलन बसेको थियो।

नयाँ र पछौटे मुलुकमा स–सानो संख्यामा भए पनि मइ दिवस कार्यक्रमहरू आयोजित गरिन थालियो। रुसमा दोश्रो मइ दिवस कार्यक्रम मनाउन २०० मानिसहरू भेला भएका थिए र तिनीहरूले निरंकुशतन्त्रको विरूद्ध निरन्तर सङ्घर्षको नारा उठाएका थिए।

१८९१ अगष्टमा बसेको दोस्रो अन्तरराष्ट्रियको दोस्रो अधिवेशनले मइ १ तारिखका दिन काम रोक्नका लागि हर-सम्भव उपाय अपनाउने निर्णय गऱ्यो। त्यस्तै त्यसै संघको १८९३ को अगष्टमा बसेको जुरिख अधिवेशनले मइ दिवसको चरित्रमा गंभिरता थप्ने काम गऱ्यो। त्यतिबेलासम्म कतिपय मुलुकका मजदूरले आठ घण्टाको कार्य दिनको माग पुरा गरिसकेका थिए। आठ घण्टे कार्य दिनको नारा विश्वव्यापी माग बनिरहेको स्थिति पनि थिएन। त्यसैले अधिवेशनले "आठ घण्टे कार्य दिवसको माग गर्दै थालिएको मइ दिवसको प्रदर्शन सामाजिक परिवर्तनद्वारा वर्गीय असमानता समाप्त पार्ने, सर्वहारावर्गको दृढ इच्छाको प्रदर्शनी पनि हुनु पर्दछ" भन्ने निर्णय गऱ्यो।

१९०० लाग्दा नलाग्दै मइ दिवस भन्नाले सर्वहारावर्गको संघर्षको प्रतिक बन्न पुग्यो। बेल्जियम, बेलायत जस्ता कतिपय पूँजीवादी मुलुकका शासकहरू मइ दिवसका दिन छुट्टि दिन बाध्य भए। जर्मनी जस्तो पूँजीपति वर्ग सबभन्दा राम्ररी संगठीत रहेका मुलुकमा

निकै लामो समयसम्म मइ दिवस कोठा भित्र मनाउने कार्यक्रमको रूपमा रह्यो ।

ग्रीसमा पहिलो पल्ट मनाइएको तेश्रो मइ दिवसमा सहभागीको संख्या नगण्य थियो । स्पेनमा १८९८ मा पहिलो मइ दिवस मनाइयो । सरकारी आक्रमणका कारणले त्यो मइ दिवस पनि रक्त रंजीत रह्यो । रुसमा १८९५ सम्म पनि मइ दिवसका सहभागीहरूको संख्या ३०० बाट नाघेको थिएन ।

१९१७ मा रुसमा अक्टोवर क्रान्ति सम्पन्न भयो । फनिएको एउटा मुलुकमा सर्वहारावर्गको सत्ता स्थापित भयो । १९१८ मा रुसमा मइ दिवस एउटा चाडको रूपमा मनाइयो । मइ दिवसमा सार्वजनिक छुट्टी दिइयो । सोभियत सत्तामा मजदुरहरूले मइ दिवस मनाउन यस्तो सुविधा पाएको देखेर पूँजीवादी शासकहरू क्रुद्ध भए । उनीहरूले फेरि मइ दिवस माथि आक्रमण शुरू गरे ।

१९२० देखि २२ सम्म जर्मनीमा मइ दिवस कार्यक्रम भव्यताका साथ सम्पन्न भयो । त्यसमा लाखौं मजदुरले भाग लिए । यो देखेर १९२४ मा जर्मनी सरकारले मइ दिवस कार्यक्रम माथि प्रतिबन्ध लगाइ दियो । कम्युनिस्टहरूको नेतृत्वमा मजदुर समुदाय प्रदर्शनीमा उत्रियो । सेनाले जुलुसमाथि गोली चलायो । त्यसपछि त हरेक मइ दिवस, जर्मनीमा एउटा युद्ध मोर्चा बन

थाल्यो । १९२४ देखि १९२९ सम्म हरेक मइ दिवसमा जर्मनीको छातिमा मजदुरहरूको रगत बग्यो । मइ दिवसको इतिहासमा यो घटना रगत मिसिएका सुनौला अक्षरमा अङ्कित हुनेछ ।

१९१७ पछि मइ दिवस समारोह एशियाली र अफ्रिकाली मुलुकमा पनि आयोजित हुन थाल्यो । १९१७ मा इण्डोनेशिया १९२० मा चीनमा, १९२२ मा जापानमा १९२३ मा इरान र टर्कीमा, १९२७ मा भारतमा पहिलो पटक मइ दिवसको आयोजना गरियो । चीनको १९२४ को मइ दिवस समारोहमा २ लाख मानिसहरूको उपस्थिति थियो । अफ्रिकामा, इजिप्टमा सबभन्दा पहिलो १९२२ मा मइ दिवसको आयोजना गरियो ।

दोश्रो विश्व युद्धकाल भरि मइ दिवस कार्यक्रमको आयोजना भव्यतापूर्वक हुन सकेन । तर १९४६ को मइ दिवसले ससारलाई नै थर्काइ दियो । सधैं भरि मजदुरको रगतले आफूलाई रंगाउने फ्रान्सेली सरकार पेरिसको उपनगर क्षेत्रमा १५ लाख मजदुरको उपस्थितिमा भएको मइ दिवसको कार्यक्रम देखेर आतङ्कित भयो । रूमानिया, युगोस्लाभिया, अल्वानिया, चेकोस्लोभाकिया जस्ता नव स्वाधिन मुलुकहरूले मइ दिवसलाई एउटा चाड जसरी मनाए ।

दोस्रो विश्व युद्धमा समाजवादको विजय भएपछि मइ दिवस यथार्थमै एउटा अन्तरराष्ट्रिय चाड बन्यो ।

यसले पूँजीवादी शासकहरूलाई क्रुद्ध पार्नु स्वभाविक थियो । उनीहरू आफ्नो मानवता र स्वतन्त्रताको मुखुण्डोलाई च्यात्दै मजदुर माथि जाइ लाग्न थाले । १९४७ मा इटलीको सरकारले मइ दिवस कार्यक्रम माथि गोली वर्षा गऱ्यो । १९५० मा बेलायती सरकारले मइ दिवसलाई गैर कानूनी घोषित गऱ्यो । फ्रान्सले १९५५ मा र संयुक्त राज्य अमेरिकाले १९५३ मा मइ दिवसलाई गैर कानूनी घोषित गऱ्यो इतिहासको सबैभन्दा ठूलो दुर्भाग्य भनेको यस्तै हुन्छ होला ! मजदुर वर्गको चाडलाई समेत घोषित गर्न सक्ने राष्ट्रहरू नै पूँजीवादी प्रेसका लागि प्रजातन्त्रका नमूना भएका छन् ।

नेपालमा मइ दिवस

नेपालमा मजदुर आन्दोलन १९४७ बाट शुरू भयो । त्यस कालमा धेरै उद्योग धन्दा र कल कारखानाहरू विराटनगरमा केन्द्रीत थिए । त्यसैले प्रारम्भिक मजदुर संगठनहरू पनि त्यहिं निर्माण भए । १९४७ मा 'विराटनगर मजदुर यूनियन', 'स्वतन्त्र मजदुर यूनियन' 'कटन मिल मजदुर यूनियन' जस्ता मजदुर संगठनहरू भूमिगत रूपमा क्रियाशील थिए । यिनै संगठनहरूको नेतृत्वमा १९४७ को मार्च महिनामा इतिहास प्रसिद्ध विराटनगरको औद्योगिक हड्ताल भयो ।

त्यो हड्ताल क्रुद्ध सरकारी आक्रमणको शिकार भयो । दमनले संगठन र आन्दोलनका नेताहरूलाई छिन्न

भिन्न पारिदियो । त्यसपछि त्यहाँ तत्काले त्यस्ता संगठनहरू संगठित हुन सकेनन् । यसै बीच १९४९ मा नेपाल कम्युनिस्ट पार्टीको जन्म भयो । कम्युनिस्ट पार्टीले मजदुर संगठन र मजदुर आन्दोलनलाई एउटा, बिलकुल नयाँ दिशा प्रदान गऱ्यो । त्यसले मजदुर संगठनलाई प्रत्यक्ष नेतृत्व प्रदान गऱ्यो । त्यसपछि पार्टीको पहल र नेतृत्वमा १९५१ मा अखिल नेपाल ट्रेड यूनियन कंग्रेसको जन्म भयो ।

यस्तो प्रारम्भिक इतिहास बोकेको मजदुर आन्दोलनले नेपालमा मइ दिवसको परम्पराको थालनी कुन वर्षबाट शुरू गऱ्यो अहिले ठोकुवा गरेर भन्न सकिन्न । त्यस्तो प्रमाणिक इतिहास फेला परेको पनि छैन । संसार भरिको अनुभवलाई हेर्दा के देखिन्छ भने मइ दिवसको परम्परा कम्युनिस्ट पार्टी वा जुझारू मजदुर संगठनको जन्मपछि नै हुँकिएको छ । त्यसै हिसाबले नेपालमा पनि त्यस्तै भयो होला भन्ने एउटा स्वभाविक अनुमान गर्न सकिन्छ ।

नेपाली मजदुरहरू पहिलो पल्ट मूलतः आर्थिक माग र जीबनस्तरको विकासका नाराहरू लिएर आन्दोलनमा उत्रिएका थिए । तर त्यो आन्दोलन माथि भएको हिंस्रक आक्रमण, नेताहरूको गिरफ्तारी, आन्दोलनको असफलता, कम्युनिस्ट पार्टीको जन्म जस्ता कारणहरूले तुरुन्तै नेपाली मजदुरहरू राजनीतिक आन्दोलनमा भाग लिनै पर्ने बाध्यकारी स्थितिमा पुगे । कुनै पनि देशका

निरंकुश शासकहरू आफ्नै कारणले हरेक आन्दोलनलाई राजनीतिक आन्दोलन तिर लैजान्छन् र सारा जनतालाई आन्दोलनमा उत्रनै पर्ने बातावरण तयार पार्ने गर्छन् । त्यसले नेपालमा पनि यस्तो हुनु अनिवार्य नै थियो ।

१९५० मा विराटनगरमै मजदुरहरू राजनैतिक नारा सहित आर्थिक मागहरू राखेर आन्दोलनमा उत्रिए। दिल्ली सम्झौता धोखा हो भन्ने नारा लिएर सडकमा उत्रिएका ती मजदुरहरू माथि निर्मम दमन भयो । नौ जना मजदुरहरूले घटनास्थलमै मारिए र एकाउन्न जना गंभीर रूपमा घाइते भए ।

विराटनगरको यो मजदुर आन्दोलन कथित प्रजातान्त्रिक सरकारको मुखुण्डो उघार्ने घटना त थियो नै । साथै यो आन्दोलन आम मजदुरको लागि प्रेरणादायी घटना पनि बन्यो । १९५१ मा उचित ज्यालादरको माग राख्दै वीरगंजका मजदुरहरूले हड्ताल शुरू गरे । यहि सानो मागलाई पनि सरकारले सहन सकेन । मजदुरहरूको मागको जवाफ गोलीले दिइयो । त्यस नरसंहारमा पांचजना मजदुरहरू घटनास्थलमै मारिए र १५ जना घाइते भए ।

१९५० देखि १९६० सम्मका १० वर्षमा भएका मजदुर संघर्षहरूमा दुइ दर्जन भन्दा बढि मजदुरहरूको ज्यान गयो । ती संघर्षहरू मूलतः आर्थिक नै थिए । मजदुरको तलब, मजदूरी, आवास सुविधा जस्ता माग-

हरू राखेर उठाएका ती संघर्षहरू लहर जसरी नै उठेका थिए। तर यहि स्थितिमा पनि व्यवस्थित रूपमा मइ दिवस समारोह मनाएको तथ्यगत जानकारी पाउन सकिएको छैन। यसले यो पर्वको प्रचार उनिविधि नभएको कुरालाई नै संकेत गर्दछ।

१९६० मा नेपालमा अर्को खालको 'प्रजातन्त्र' आयो। पञ्चायती प्रजातन्त्र भनेर जनता झुक्याउने नाम झुण्ड्याइएको त्यो चरम व्यक्तिवादी, निरंकुश र तानाशाही 'प्रजातन्त्र' मा जनताको बोल्ने, लेख्ने, सभा संगठन गर्ने जस्ता नैसर्गिक अधिकारहरू खोसिए। मजदुरका सम्पूर्ण अधिकारहरू प्रतिबन्धित भएर उनीहरूको स्वतन्त्रता जमिन्दार तथा दलाल–नोकरशाही वर्गको सत्ताको निरंकुश नियन्त्रणमा पेशाको सुरक्षा समेत हरायो। मजदुरले हड्ताल गर्न नपाउने भए मजदुरहरूलाई सधैंभरि भ्रमित पार्ने दुस्वप्न बोकेर 'पञ्चायती प्रजातन्त्र' ले नै मालिकहरू, नोकरशाहहरू व दलाल पूंजीपतिसंग मेलमिलाप बढाउन मजदुर संगठन पनि बनायो। तर षड्यन्त्र र दमनले मजदुरहरूको अग्रगति रोकिएको त इतिहास नै छैन। नेपाल नै त्यसको अपवाद कसरी हुन सक्थ्यो र? स्थानीय रूपमा मजदुर आन्दोलनहरू एक पछि अर्को गर्दै संगठित भए। तर केन्द्रीय संगठन नहुनु, संघर्षका केन्द्रिय योजना बन्न नसक्नु, पार्टी र मजदुर संगठनहरू अवैध हुनु, तिनीहरूको अस्तित्व नै लोप भएको स्थिति हुनु त्यस बेलाको यस्तो वास्तविकतामा

कुनै पनि सङ्घर्षले निर्णायक महत्व ओगत्नु त्यति सम्भव थिएन। त्यसैले अधिकांश मजदुर सङ्घर्षको परिणती असफलतामा टुंगियो। तर यिनै संघर्षको क्रममा नेपाली मजदुरहरूले पहिलो पटक मइ दिवसको चाडलाई नेपाली माटोमा उतारेको देखिन्छ। राजनैतिक अन्धकारको प्रारम्भिक वर्ष १९६१ को मइ दिवस नेपालमा पनि मनाइएको तथ्य भेटिन्छ। त्यो मइ दिवसको आयोजना नेपाल मजदुर संगठनले गरेको थियो। नेपाली मजदुर आन्दोलनको इतिहासमा यो अर्को एउटा व्यंग हो किन-भने यही मजदुर संगठनले नै त्यस पछिका वर्षहरूमा मजदुरहरूद्वारा उठाएका जीविका, जनवाद र राष्ट्रियता सम्वन्धी मागहरूको विरोध गर्दै आएको छ। मजदुरहरू-लाई धोखा दिने र उद्योगपति र कारखाना मालिकहरू खुलेआम साँठगाँठ गरेर मजदुर आन्दोलनलाई दवाउने गर्दै आएको छ। त्यति मात्र होइन यो संगठनले १९६२ देखि त औपचारिक रूपबाटै मइ दिवस कार्यक्रमको विरोध समेत गर्दै आएको छ।

१९६१ पछि मजदुर आन्दोलनहरू भने लगातारै जस्तो हुंदै आएका छन् तर लामो समयसम्म मइ दिवस फेरी दोहोरिएको तथ्य कतै पाइंदैन। १९६३ देखि १९६९ सम्म तलब, आवास र अन्य सुविधालाई लिएर ३८ पटक मजदुरहरू संघर्षमा उत्रिएको इतिहास भेटिन्छ। यस अवधिमा मइ दिवसको आयोजना भएको भने थाहा पाइदैन।

७० को दशक लागेपछि आन्दोलनले अलिक जुझारू रूप लिएको देखिन्छ । मजदुरहरू त्यसपछि जनवाद र राष्ट्रियताका सवाल प्रति बढी जागरूक भएको देखिन्छ । १९७१ मा विराटनगरमा राष्ट्रियताको सवाल प्रति संवेदनशील भएर मजदुरहरू संघर्षमा उत्रिए । तर त्यो संघर्ष पनि क्रुर सरकारी आक्रमणको शिकार बन्यो । त्यस्तै १९७२ को विराटनगरबाट शुरू भएको मजदुर आन्दोलनमा ७ जना मजदुरहरू निष्काशित भए भने त्यहाँ १९७३ मा पनि मजदुरहरू संघर्षमा उत्रिए। १९७४ मा तत्कालिन नेपालको सबैभन्दा ठूलो उद्योग, विराटनगर जुट मीलमा ३७ दिनसम्म संघर्ष जारी भयो । आफ्ना जीविकाका सवाल संगै मजदुरहरूले राष्ट्रियता र जनवाद सम्बन्धी मागहरू पनि उठाए । यो आन्दोलन पनि क्रुर सरकारी आक्रमणको शिकार बन्यो । आन्दोलनकै क्रममा खगेन्द्र राइ जस्ता मजदुर नेताको पुलिसहरूको हातबाट हत्या भयो र ५० भन्दा बढी मजदुरहरूको रोजीरोटी खोसियो ।

अपेक्षित सफलता प्राप्त गर्न नसके पनि हरेक वर्ष मजदुर संघर्षमा वृद्धि भैरहनु मजदुर समुदायको राजनैतिक चेतना उन्नत हुने कुराको परिचायक नै थियो। १९७७ र ७८ मा मजदुर संघर्ष विराटनगरको सिमानालाई नाघेर बाहिर गयो । सोही वर्षहरूमा वालाजुमा हड्तालहरू भए भने १९७८ मै पूर्व पश्चिम राजमार्गका

मजदुरहरूले दुइ महिना लामो आन्दोलन सञ्चालन गरे।

यसै बीच काठमाडौं उपत्यकामा कार्यरत मार्क्सवादी कार्यकर्ता विद्यार्थी र होटल मजदुरको संयुक्त प्रयासमा १९७६ को ८९ औं मइ दिवस मनाउने प्रयत्न भयो। गुप्त कक्षाहरूमा मइ दिवसबारे प्रवचनहरू भए र मइ दिवसका दिन पर्चाहरू छरिए। मइ दिवसको पर्चाबाट प्रशासन कति आतङ्कित भयो भने, त्यो शक्तिलाई छिन्नभिन्न पार्न त्यसले एउटा विशेष पुलिसदलको नियुक्त गऱ्यो। त्यो पर्चा छरेको अपराधमा सम्बन्धित व्यक्तिहरूले दश वर्षको कारावास र दश हजार रूपैयाँ जरिवानाको सजाय पाए। यो घटना पञ्चायती प्रजातन्त्रको इतिहासमा उल्लेख गर्ने पर्ने घटना बनिदियो।

१९७६ को त्यो प्रयासमाथि भएको निर्मम दमन पछि फेरि मइ दिवस केही वर्षको लागि गुप्त भयो। १९७९ को जनआन्दोलनले अरू क्षेत्र जसरी नै नेपालको मजदुर क्षेत्रमा पनि चहल पहल सृष्टि गऱ्यो। नेपालका सबै औद्योगिक क्षेत्रहरूमा हडताल चर्कियो। बालाजुबाट २७ सुत्रिय माग संगै निस्किएको हडताल तुरुन्तै राष्ट्रव्यापी बन्यो। त्यसले विराटनगर, वीरगंज, हेटौंडा, पोखरा र बुटवललाई आफ्नो चपेटामा लियो। यो विस्तारले आन्दोलनका सहभागीलाई आन्दोलन सञ्चालन गर्ने एउटा कुशल यन्त्र निर्माण गर्नुपर्ने आवश्यकता महशुस भयो। त्यसको फलस्वरूप १९६० पछि पहिलो पटक मजदुरहरूको आफ्नो संगठनको रूपमा १९६९ मा

नेपाल स्वतन्त्र मजदुर यूनियनको जन्म भयो

१९६१ पछि पंचायती प्रजातन्त्रद्वारा प्रतिबन्ध लगाइएको मइ दिवसलाई यही संगठनले पुनर्जीवन प्रदान गर्ने काम गऱ्यो ।

१९८० को मइ दिवस संगठनको राष्ट्रिय स्वरूप-को कारणले गर्दा नै काठमाडौं, हेटौंडा विराटनगर, पोखरा, बुटवल, जनकपुर आदि प्रमुख औद्योगिक शहर-हरूमा एकै पटक भव्यताका साथ मनाइयो । मजदुर वर्गको यो संगठित शक्ति प्रदर्शनले सरकार फेरि एक पटक आतङ्कित भयो । उसले ठाउँ र स्थिति अनुसार दमनात्मक कारवाही चलाउने नीति लियो । अन्तर-राष्ट्रिय स्तरमा समाचार छिट्टै फैलिने र देश भित्रै पनि जनआन्दोलनको केन्द्र रहेको काठमाडौंमा, अंचलाधिश कार्यालय मजदुरहरूको आयोजनामा हुने मइ दिवस कार्यक्रम प्रति स्वीकृति जनाउन वाध्य भयो। भने लुम्बिनी अञ्चलको त्यस्तै अंचलाधिश कार्यालयले बुटवलमा मजदुरहरूको आमसभा माथि आक्रमण गरेर १७ जना मजदुरहरूलाई गिरफ्तार गऱ्यो ।

१९८० यता चरम दमनका बावजुद नेपाली मजदुर वर्गले, आफ्नो राष्ट्रिय चाडको रूपमा मइ दिवस-लाई मनाउँदै आएको छ नेपालमा यसलाई मजदुरको चाड बनाउनेमा सबभन्दा धेरै श्रेय नेपाल स्वतन्त्र मज-दुर यूनियन र नेपाल स्वतन्त्र होटल मजदुर यूनियनलाई दिनै पर्छ । मजदुर समुदायको इज्जत–अधिकार प्राप्तिका विभिन्न समय र स्थानमा भएका संघर्षहरूमा अहिलेसम्म यी दुई संगठनका १००० जति कार्यकर्ता र सदस्यले

जागीर गुमाउनु परेको थियो। मइ दिवसकै दिनमा गिरफ्तार भएका सयौं मजदुरहरू यसकै सदस्य रहेका थिए। उपरोक्त दुइ संगठनका साथ साथै यातायात स्वतन्त्र मजदुर संगठन, ट्रेकिङ्ग मजदुर संघ, अखिल नेपाल ट्रेड यूनियन आदि संगठनहरूले पनि मइ दिवसलाई आफ्नो पर्व बनाउन सक्दो योगदान गर्दै आएका छन्।

१९८० यताका मइ दिवसहरूमा प्रत्येक वर्ष सहभागी मजदुरहरूको संख्या बढि रहेको थियो। त्यसरी नै कामबाट जबरजस्ति निकालिएका र गिरफ्तार गरिएका मजदुरहरूको संख्या पनि बढिरहेको थियो। यो क्रम वितेका १० वर्षमा जस्ताको तस्तै रहेको छ। हरेक वर्ष मजदूरहरूले स्थिति हेर्दै प्रतिरोध गरेर वा लुकछिप गरेर भए पनि मइ दिवसको पर्व मनाउँदै आएका थिए।

देशको हरेक भागमा लाठी, बुट, पानीको फोहरा र गिरफ्तारीको सामना गरेर मनाइएको १९८५ को मइ दिवसमा मात्रै पनि देश भरमा गरेर २०,००० भन्दा बढी मजदुरहरूको सहभागिता रहेको थियो। विराटनगर, हेटौंडा, काठमाडौं, भरतपुर आदि प्रमुख स्थानहरूमा निस्केका मजदुर जुलुसहरूमा पुलिसले निर्ममतापूर्वक लाठी प्रहार गरेको थियो। त्यस मइ दिवसमा १९७ जना भन्दा वढी मजदुरहरू गिरफ्तार गरिएका थिए।

पञ्चायती निरंकुशताको कालभरि त्यस यताका मइ दिवसहरूमा आधारभूत रूपमा कुनै नौला कुराहरू भएनन्। सरकारले मइ दिवसलाई सार्वजनिक चाडको रूपमा मनाउन दिंदै दिएन। मइ दिवसको औसरमा आयोजित हुनुपर्ने आमसभा, गोष्ठी, जुलुस, भित्ते लेखन, पर्चा, माइकिङ्ग सबै कुराहरू नेपालमा प्रतिबन्धित रहे।

मइ दिवस कार्यक्रम आयोजना गरेकोमा वा भाग माग्ने लिएको अभियोगमा पनि जागीर खोसिने आतङ्कबाट मजदुरहरू मुक्त हुन पाएनन् । तर स्थितिमा एक भारी प्रतिकूलता भए पनि नेपाली मजदुरहरूले हार मानेनन् । हरेक प्रकारका दमनलाई चिर्दै तिनीहरूले मइ दिवसका कार्यक्रमहरूलाई जीवित र जारी राखे । कहिले गुप्त सभाको आयोजना गरेर त कहिले कोठे गोष्ठी गरेर, कहिले मइ दिवसको उपलक्ष्यमा बनभोजको आयोजना गरेर त कहिले छड्के जुलुस निकालेर भए पनि तिनीहरूले मइ दिवसलाई नेपाली जनआन्दोलनको इतिहासमा अङ्कित गर्ने प्रयत्न गरिरहे ।

यहाँ नेर कुन कुरा चाहिं उल्लेख गर्ने पर्छ भने पञ्चायती दमन कालमा मइ दिवस कार्यक्रम आयोजनामा हेटौंडाका मजदुरहरू सधैं अग्रिम पंतिमा रहे । त्यहाँ सधैं भरि नेपाल स्वतन्त्र मजदुर यूनियनको नेतृत्वमा मइ दिवस आयोजक कमिटी बन्थ्यो । त्यसले जुलुस र आम सभाको आयोजना गर्थ्यो । तर त्यो जुलुस वा सभा माथि सधैं भरी सरकारी छद्म पुलिस (मण्डले) हरू र वर्दीधारी पुलिसको आक्रमण हुन्थ्यो । जनताहरू त्यसको प्रतिरोध गर्थे । यही लडाइको बीचमा मइ दिवस सम्पन्न हुने गर्थ्यो । शुरूदेखिको यो परम्परा अन्तिमसम्म जारी रहिरह्यो ।

जनताको शक्तिशाली आन्दोलनले पञ्चायती निरंकुशतालाई ढालेपछिको पहिलो मइ दिवसलाई भने मजदुरहरूले निर्मम भएर मनाउने औसर पाए । १९९० को मइ दिवसमा सार्वजनिक छुट्टीको घोषणा समेत गरियो । तर मजदुर बर्गको व्यथा र पीडालाई बुझ्ने सत्ता शक्तिमा नआउन्जेल मजदुरवर्गले शक्ति र सङ्घर्ष प्रदर्शित नगरी मइ दिवस मनाइरहन पाउलान् भन्ने कुरा प्रति नेपाली मजदुरहरू अझै सशंकित छन् । ★

मुद्रक : शोभा भगवती प्रिन्टिङ्ग प्रेस, ढल्को, भेलघाटी ।